प्रकाशन मितिः २०७२ साल माघ

# नीतिगत सवाल

## बालबालिकाको सहभागिताको अधिकार

### बाल सहभागिताको अधिकार के हो ?

बालबालिका हुर्कंदो क्षमता भएका व्यक्ति हुन् । बालबालिकाले व्यक्तिगत वा सामूहिक सरोकार तथा विषयहरूमा एक्लै वा सामूहिक रूपमा आफ्ना विचारहरू व्यक्त गर्न पाउने, सम्बन्धित विषयको निर्णय प्रकृयालाई प्रभावित गर्न पाउने अधिकार नै बालबालिकाको सहभागिताको अधिकार हो । सङ्गठन स्वतन्त्रता, सूचनाको हक तथा विचार र अभिब्यक्तिको स्वतन्त्रता पनि बालबालिकाको सहभागिताको अधिकार हो । बाल सहभागिताको नीतिगत सुनिश्चितता र ब्यवहारिक अभ्यासले उनीहरूको सहभागिताको अधिकारको सम्मान, संरक्षण र प्रवर्द्धन हुन सक्दछ । बाल सहभागिताको अभ्यास भन्नाले निम्न अभ्यासहरूलाई जनाउँदछ :

- बालबालिका तथा किशोरकिशोरीहरूले आफ्नो जीवनमा प्रभाव पार्ने विषयमा जानकारी प्राप्त गर्ने, सूचना वितरण गर्ने तथा आपसमा छलफल गर्न पाउने,
- बालबालिका तथा किशोरकिशोरीहरूलाई प्रभावित पार्ने विषयमा उनीहरूले आफ्नो सृजना, विचार र अभिव्यक्ति स्वतन्त्रतापूर्वक सुरक्षित परिवेशमा एक्लै वा सामूहिक रूपमा ब्यक्त गर्न पाउने,
- बालबालिका तथा किशोकिशोरीहरूलाई प्रभावित पार्ने विषयमा उनीहरूबाट ब्यक्त विचार, सल्लाह र सुझावको सम्बन्धित निकाय तथा वयस्कहरूबाट सम्बोधन र सुनुवाई हुनुपर्ने,
- बालबालिका तथा किशोरकिशोरीहरू शान्तिपूर्वक भेला हुन, सृजनात्मक गतिविधि गर्न र समूह एवं सङ्गठन स्थापना गर्न पाउने,
- सचेततापूर्वक आफूलाई कुनै पनि किसिमको हानी नहुने गरी अविभावकको उचित मार्गनिर्देशमा रही आफूले चाहेको धर्म एवं संस्कृतिको छनौट तथा अभ्यास गर्न पाउने,
- बालबालिका तथा किशोरकिशोरीहरूको तथा उनीहरूले उपलब्ध गराएका सूचनाको गोपनियता कायम राख्ने, र
- कुनै कार्यक्रम, अन्तर्वार्ता, अध्ययन, अनुसन्धान एवं परामर्श प्रकृयामा स्वतन्त्रपूर्वक सहभागी हुने वा नहुने निर्णय गर्न पाउने ।

कतिपय अवस्थामा बालबालिकालाई कार्यक्रममा अतिथि, अध्यक्ष वा सहभागी बनाएर बाल सहभागिता भएको दाबी गर्ने अभ्यास प्रचलनमा पाइन्छ । तर यस्तो अभ्यासलाई केवल प्रतीकात्मक बाल सहभागिता मान्न सकिन्छ । यस्ता अभ्यासले कतिपय अवस्थामा बालबालिकाको संरक्षणको अधिकारको उल्लंघन पनि गर्दछन् ।

बाल सहभागिताको सन्दर्भमा संयुक्त राष्ट्रसंघको बाल अधिकार समितिले ब्याख्या गर्दै सामान्य टिप्पणी नं. १२ मा यसका अभ्यासका मापदण्डहरू पनि निर्धारण गरेको छ । यस मापदण्डमा बालसहभागिता स्वैच्छिक, सचेत, सुरक्षित हुनुपर्ने, बालमैत्री प्रक्रियाको अवलम्बन, आवश्यक पूर्वतयारी, जानकारी र स्पष्टिकरण तथा उजुरी र सुनुवाइको ब्यवस्था गरिनुपर्ने उल्लेख गरिएको छ ।

सोही टिप्पणीले न्यायिक मुद्दाहरूमा बाल सहभागिता आकर्षित हुने सन्दर्भहरूको सूची र अभ्यासका बारेमा पनि उल्लेख गरेको छ । यसमा सम्बन्ध विच्छेद र अलग्गिने, धर्मसन्तान तथा वैकल्पिक स्याहार, बाल बिज्याइ तथा बालबालिका पीडित र साक्षी भएका मुद्दाहरूको न्यायिक सुनुवाइको पत्रियामा बालबालिकाको धारणा अनिवार्य लिनुपर्ने, उनीहरूको विचारको सम्मान र उचित सुनुवाइ गरिनुपर्ने बताइएको छ ।

### नेपाल सरकारका प्रतिबद्धता तथा मापदण्ड अभ्यासहरू

- नेपालको संविधान, २०७२ मा मौलिक हक अन्तर्गत् धारा ३९ को उपधारामा बालबालिकाको हक अन्तर्गत् प्रत्येक बालबालिकालाई बाल सहभागिताको हक रहेको उल्लेख गरिएको छ ।
- यसको अर्थ नेपालको संविधानले प्रत्येक बालबालिकालाई सूचना, अभिब्यक्ति, संगठन र शान्तिपूर्ण रूपमा भेला हुन पाउने अधिकार मौलिक हकको रूपमा सुनिश्चित गरेको छ ।
- नेपालको संविधानले प्रत्येक ब्यक्तिको धार्मिक स्वतन्त्रता र गोपनियताको अधिकारलाई मौलिक हकको रूपमा सुरक्षित गरेको छ ।
- त्यसैगरी, हाल बालमैत्री स्थानीय स्वायत्त शासन निर्देशिकामा स्थानीय योजना छनौटका भेलामा अनिवार्य रूपमा २ जना बाल प्रतिनिधि रहने ब्यवस्था गरिएको छ । आ. व. २०७१/७२ मा नेपालमा करिब ८० हजार बालबालिका स्थानीय निकायको योजना निर्माण प्रक्रियामा प्रत्यक्ष रूपमा संलग्न भएका छन् ।
- बाल अधिकार महासन्धिको धारा १३ ले बालबालिकाको ब्यक्तिगत प्रतिष्ठा र मर्यादामा तथा राष्ट्रिय सुरक्षाका सवालमा असर पर्ने अवस्थामा बाहेक सूचनाको माग गर्ने, सङ्कलन गर्ने तथा प्रचार प्रसार गर्ने र अभिब्यक्तिको स्वतन्त्रतालाई स्वीकार गरेको छ ।
- नेपालको सर्वोच्च अदालतले उत्प्रेशणयुक्त परमादेशको मुद्दामा २०५८ श्रावण २५ गते फैसला गर्दै (ने.का.प. अङ्क ७/८ पेज ४२३, महिना कार्तिक/मंसिर, २०५८ साल) बालबालिकाले पनि संस्था गठन गर्न सक्ने र त्यस्तो संस्थालाई सरकारले मान्यता दिई स्वीकार गर्नुपर्ने निर्णय गरेको छ ।
- केन्द्रीय बाल कल्याण समितिद्वारा प्रकाशित प्रतिवेदन '*नेपालमा बालबालिको स्थिति*', (२०७२) मा दिइएको तथ्यांक अनुसार नेपालमा करिब २२ हजारको संख्यामा बालक्लबहरू रहेको र त्यसमा ५ लाखभन्दा बढी बालबालिकाहरू सङ्गठितहरू छन् ।
- नेपाल पक्ष राष्ट्र भएको संयुक्त राष्ट्रसंघीय बाल अधिकार महासन्धिको धारा १२ मा कुनै पनि बालबालिकालाई आफूसँग सम्बन्धित विषयमा स्वतन्त्र ढंगले आफ्ना विचारहरू ब्यक्त गर्न पाउने र उनीहरूको विचारको उचित सुनवाई गर्नुपर्ने ब्यवस्था गरिएको छ । यो हक परिवार, शासनप्रक्रिया तथा न्यायिक प्रक्रियामा पनि लागू हुने ब्यवस्था गरिएको छ ।

# नीतिगत सवाल

- बाल अधिकार महासन्धिको धारा १४ ले बालबालिकालाई अविभावकको उचित मार्गनिर्देशमा रहेर विचार, सद्विवेक र धर्मको छनौटको स्वतन्त्रता उपभोग गर्न पाउने व्यवस्था गरेको छ।
- बाल अधिकार महासन्धिको धारा १५ ले बालबालिकाको सङ्गठित हुन पाउने, सङ्गठन स्थापना गर्न तथा शान्तिपूर्वक भेला हुन र सङ्गठित गतिविधिहरू सञ्चालन गर्न पाउने अधिकारलाई स्वीकारेको छ ।
- बाल अधिकार महासन्धिको धारा १६ ले बालबालिकाहरूको गोपनियताको अधिकार र यस अधिकारको कानुनी संरक्षणको सुनिश्चिततालाई आवश्यक मानेको छ ।

## नीतिगत सवाल

स्थानीय निकायको योजना तर्जुमा प्रक्रियामा र विद्यालयहरूमा बालबालिकाको प्रत्यक्ष सहभागिताका केही अभ्यासहरू भएता पनि जिल्ला तथा राष्ट्रिय सन्दर्भमा बाल सहभागिताको अभ्यासका लागि औपचारिक संरचना, संयन्त्र तथा नीति निर्देशनहरू रहेका छैनन् ।

ठूला परियोजना, भौतिक पूर्वाधारको विकास तथा औद्योगिक विकास र निर्माणको सामाजिक प्रभाव मूल्यांकन तथा स्थानीय परामर्शको प्रक्रियामा बालबालिकाका विचार र भावनाहरू सङ्कलन गर्ने औपचारिक नीति निर्देशहरू रहेका छैनन् । मिति २०५८/४/२५ मा सर्वोच्च अदालतले बालबालिकाले पनि संस्था स्थापना गर्न सक्ने र ती सङ्गठन तथा संस्थालाई सरकारले उचित मान्यता दिनुपर्ने भनी निर्णय गरेको छ। तर पनि बालबालिकाको सङ्गठन र समूहहरूको सूचीकरणको सन्दर्भमा कानुनी प्रावधानहरूको अभाव रहेको छ ।

न्यायिक प्रक्रियाका विभिन्न चरण तथा निकायहरूमा बालबालिकाको सूचनाको अधिकार, उनीहरूको स्वतन्त्र विचार अभिब्यक्तिको अधिकार र ती विचारहरूलाई उचित सुनुवाई गर्ने कानुनी ब्यवस्था रहेको छैन ।

## के गर्न जरूरी छ ?

- बालबालिका तथा उनीहरूको अधिकार सम्बन्धी ऐनको परिमार्जन, संशोधन वा नयाँ ऐन तथा नियमावली निर्माणका सन्दर्भमा माथि उल्लेख भएका बाल सहभागिताको अधिकारलाई स्पष्ट र विस्तृत रूपमा समावेश गरिनु पर्दछ ।
- शिक्षा, स्वास्थ्य, उद्योग, भौतिक पूर्वाधार विकास तथा ठूला परियोजना आदिको योजना निर्माण, कार्यान्वयन तथा अनुगमन र मूल्यांकनका कार्यविधिहरूमा बाल सहभागिताको प्रावधान सुनिश्चित गरिनु पर्दछ ।
- राष्ट्रियस्तर तथा प्रदेशस्तरमा अनिवार्य रूपमा बाल सहभागिताको संरचनागत ब्यवस्था गरिनु पर्दछ । विश्वका विभिन्न देशहरूमा सरकारीस्तरबाट बाल संसद, बाल परिषदका नाममा यस्ता संरचनाहरू अभ्यासमा रहेका छन् ।
- हाल बालमैत्री स्थानीय स्वायत्त शासन निर्देशिका अन्तर्गत् स्थानीय योजना छनौटका भेलामा अनिवार्य रूपमा २ जना बाल प्रतिनिधि रहने ब्यवस्था गरिएको छ । यस ब्यवस्थालाई अझ फराकिलो बनाउँदै कुनै पनि बालबालिकाले योजना छनौटभन्दा पहिला नै आफूलाई लागेको विचार र समस्यालाई लिखित रूपमा सम्बन्धित स्थानीय निकाय वा वडा नागरिक मञ्चहरूमा दिन सक्ने ब्यवस्था गरिनु पर्दछ । यस्तो भेलामा सहभागी हुने बालबालिकाले निश्चित प्रकृयाको अवलम्बन गरी सम्बन्धित क्षेत्रका अधिकतम बालबालिकाको सरोकारलाई योजना छनौटका भेलामा प्रस्तुत गर्ने सुनिश्चितता गरिनु पर्दछ ।
- बालबालिकासँग प्रत्यक्ष सरोकार राख्ने संविधान तथा कानुन, नीति नियमहरूलाई बालमैत्री र बालबालिकाले बुझ्ने भाषामा प्रचार-प्रसार गरिनु पर्दछ ।
- राज्यका सबै सेवा प्रदायक निकाय तथा कर्मचारीहरू, शिक्षक, स्वास्थ्यकर्मी, सुरक्षा निकाय तथा न्यायिक निकायका ब्यक्तिहरूलाई बाल सहभागिताको अधिकार र यसको अभ्यासका सन्दर्भमा अनिवार्य प्रशिक्षण गर्ने ब्यवस्था गरिनु पर्दछ ।
- फौज्दारी तथा देवानी संहिताको कार्यविधिमा बालबालिका पीडित, अभियुक्त वा साक्षीको रूपमा संलग्न रहेको मुद्दाको कार्वाही प्रक्रियामा अनिवार्य रूपमा बालमैत्री न्यायको कार्यविधि अवलम्बन गरिनुपर्ने ब्यवस्था गरिनु पर्दछ ।
- अर्धन्यायिक निकायहरूले बालबालिकाको सन्दर्भमा कुनै पनि निर्णय गरिरहँदा प्रभावित बालबालिकाको विचारको अनिवार्य सुनुवाई हुनुपर्ने ब्यवस्था फौज्दारी संहिता, देवानी संहिता र अन्य सान्दर्भिक कानुनहरूमा समेत उल्लेख हुनु पर्दछ ।
- बालबालिकालाई प्रभावित पार्न सक्ने राज्यका नीति, कार्यक्रम तथा ऐनहरूको निर्माण भइरहेको सन्दर्भमा बालबालिकाले फोन, चिठ्ठी, सामाजिक सञ्जाल, इमेल आदि मार्फत आफ्ना रायसुझाव पठाउनका लागि अनिवार्य रूपमा विशेष आव्हान गरिने ब्यवस्था गरिनु पर्दछ ।

बालबालिकाको सहभागिता सम्बन्धी नीतिगत सवालमा तयार गरिएको यो जानकारी पत्र विधायक, नीतिनिर्माता, नागरिक समाज तथा पैरबीकर्ताहरूका लागि बालअधिकारकर्मिहरू तथा सञ्जालहरूको सामुहिक परामर्शबाट तयार पारिएको हो ।

यो जानकारी-पत्र हिमाल इनोभेटिभ डेभलपमेन्ट एण्ड रिसर्चद्वारा युनिसेफ, नेपाल कार्यालयको आर्थिक सहयोगमा प्रकाशन गरिएको छ ।

थप जानकारीका लागि :
हिमाल इनोभेटिभ डेभलपमेन्ट एण्ड रिसर्च
बुद्धनगर-१०, काठमाडौं,
फोन ९७७-१-४७८३७९१,
email: hidrnepal@gmail.com
www.hidrnepal.com